| कार्यविधि संख्या :- | ११ |
| --- | --- |

# मुसिकोट नगरपालिका पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सर्त सम्बन्धी कार्यविधि, २०७४

| कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७४/११/२५ |
| --- | --- |

**मुसिकोट नगरपालिका**

**गुल्मी जिल्ला**

**५ न.प्रदेश**

# मुसिकोट नगरपालिका पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सर्त सम्बन्धी कार्यविधि, २०७४

**प्रमाणिकरण मितिः २०७४/११/३०**

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २२७ अनुसार प्रदेश कानुन बमोजिम नगरपालिकाका पदाधिकारीहरुको सेवा सर्त सम्बन्धि व्यवस्था नभएसम्मका लागि पदाधिकारीहरुलाई न्यूनतम सेवा सुविधा उपलब्ध गराउने तथा कर्मचारीहरुलाई कार्य वोझ तथा थप जिम्मेवारी को आधारमा प्रोत्साहन गर्ने कार्यलाई व्यवस्थित बनाउन नगर कार्यपालिकाबाट स्वीकृत गरी हाललाई कार्यविधि बनाउन वाञ्छनीय भएकोले यो कार्यविधि वनाई लागु गरिएको छ।

**(१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुसिकोट नगरपालिका पदाधिकारी तथा कर्मचारीहरुको सेवा सर्त सम्बन्धी कार्यविधि २०७४" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**(२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका सम्भएनु पर्छ।

(ख) "सभा" भन्नाले नगर सभालाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले मुसिकोट नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "प्रमुख" भन्नाले नगरकार्यपालिकाको प्रमुख सम्झनु पर्छ।

(ङ) "उप प्रमुख" भन्नाले नगरकार्यापालिकाको उप प्रमुख सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ।

(छ) "वडा समिति" भन्नाले नगरपालिकाको वडा समिति सम्झनु पर्छ।

(ज) "वडाध्यक्ष" भन्नाले मुसिकोट नगरपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ।

(झ) "वडा सचिव" भन्नाले वडा समितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनुपर्छ।

(ञ) “पदाधिकारी” भन्नाले मुसिकोट नगरपालिका प्रमुख,उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य, सभा सदस्य समेत लाई जनाउँछ । यस शब्दले नगरपालिकाको कार्य सम्पादनको सिलसिलामा गठन गरिएका विभिन्न समिति, उपसमिति वा कार्यदलका सदस्य समेतलाई जनाउँछ ।

(ट) “कर्मचारी” भन्नाले मुसिकोट नगरपालिकामा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

**(३) पदाधिकारी सेवा सुविधा सम्वन्धि व्यवस्था**

**मासिक पारिश्रमिक**

१) नगरपालिका पदाधिकारीहरुलाइ मासिक सेवा सुविधा प्रदेश कानुनमा व्यवस्था भए अनुसार गरिने छ ।

**(४) वैठक भत्ता सम्वन्धि व्यवस्था**

(क) नगर सभामा उपस्थित पदाधिकारीहरुले नगर सभा बैठकमा उपस्थित भए अनुसार प्रत्येकले रु.१५०० (एक हजार पाँच सय) का दरले बैठक भत्ता पाउने छ । यसमा नगर सभाको सचिव र सचिवालयमा खटिने वढीमा सात जना कर्माचारी समेतले यस्तो बैठक भत्ता प्राप्त गर्ने छ ।

(ख) नगर सभामा सहभागी सदस्यहरुले बाटो खर्च स्वरुप प्रत्येकले एकमुष्ट रु. ५०० (पाँच सय) पाउने छ । तर भ्रर्मण खर्च नियमावली बमोजिम दैनिक भ्रमण भत्ता प्राप्त गरेको भए यस दफा बमोजिम बाटो खर्च पाउने छैन ।

(ग) नगर कार्यपालिका बैठकमा कार्यपालिका सदस्यहरुले बैठक भत्ता स्वरुप एकमुष्ट रु.१५०० (एक हजार पाँच सय) प्राप्त गर्ने छन् त्यस्तो भत्ता कार्यापालिकाका सचिव तथा वैठमा सहजिकर गरी उपस्थित हुने वढीमा तीन जना अन्य कर्मचारी र एक जना कार्यालय सहयोगिले समेत यस्तो वैठक भत्ता प्राप्त गर्ने छन् ।

(घ) नगरपालिका अन्तर्गत कानुन सम्मत गठन भएका विभिन्न समितिको बैठकमा उपस्थित प्रत्येक सदस्यहरुलाई बैठक भत्ता स्वरुप रु.१५००। (एक हजार पांच सय) भुक्तानी दिईनेछ । यस प्रयोजनका लागि विज्ञका रुपमा आमन्त्रित विज्ञहरु, वढीमा दुई जना अन्य कर्मचारी र एकजना  कार्यालय सहयोगिले समेत यस्तो वैठक भत्ता प्राप्त गर्ने छन् ।

५. वडा समिति बैठकमा उपस्थित वडा सदस्यहरुले बैठक भत्ता स्वरुप प्रति बैठक रु रु.१५०० (एक हजार पाच सय) प्राप्त गर्ने छन् । वैठक भत्ता वडा सचिव र एक जना सहयोगी कर्मचारी समेतले प्राप्त गर्नेछ ।

६. वडा समितिको वैठक मासिक रुपमा जति पटक वसे पनि एक महिनामा तीनवटा वैठक भन्दा बढी बैठकको बैठक भत्ता भुक्तानी गरिने छैन ।

**(५) भ्रमण खर्च**

नगरपालिकाको कामकाजमा भ्रमण गर्दा तथा आयोजना कार्यक्रमको अनुगमन सम्वन्धी भ्रमण गर्नु पर्दा नगरपालिका पदधिकारी तथा कर्मचारीले दैनिक भ्रमण भत्ता बापत भ्रर्मण खर्च नियमावली २०६४ अनुसार सुविधा पाउने छन् ।

**(६) ईन्धन तथा सवारी साधन मर्मत खर्च सुविधा**

(क) नगरपालिका प्रमुख तथा उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृतले कार्यालयको सवारी साधन प्रयोग गर्दा खपत गरेको ईन्धन तथा मर्मतको विल वमोजिमको रकम नगरपालिकाले भुक्तानी गर्नेछ ।

(ख) वडा अध्यक्षहरुलाई मासिक रुपमा कार्यालय प्रयोजनमा सरकारी वा निजी सवारी साधन प्रयोग गरे वापत बढीमा मासिक २०००।- (दुइ हजार) र वडा सचिवलाई मासिक १००० (एक हजार) गरी प्रत्येक वडामा वढीमा जम्मा रु. ३००० (तीन हजार) सम्मको विल वमोजिम रकम उपलब्ध गराइने छ ।

(ग) सवारी साधन प्रयोग गर्दा नियमित ममर्त सम्भार बापत प्रत्येक वडालाई प्रति महिना बढीमा रु १५००।- (एक हजार पाँच सय) सम्म विल वमोजिमको रकम उपलब्ध गराइने छ ।

(घ) नगर सभा सदस्य, कार्यापाकिाका सदस्य तथा विभिन्न विषयगत समीतिका सदस्य ले वैठकमा हुदाको दिनको वैठमा उपस्थीती हुदाको यातायत खर्च वपत प्रति सदस्य रु. ५००। (पाच सय) उपलव्ध गराइने छ ।

**(७) सञ्चार सुविधा**

(क) प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरुलाई कार्यालयले सञ्चार सुविधा उपलब्ध गराउने छ ।

(ख) सञ्चार सुविधा अन्तर्गत प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई मासिक रु २०००।- (दुइ हजार) र वडा अध्यक्षहरुलाई मासिक रु १५००।- (एक हजार पाँच सय) सन्चार खर्च कार्यालयले भुक्तानी गर्नेछ ।

(ग) वडा सचिव, प्रवक्ता र सुचना अधिकारी लाई प्रति महिना १०००। (एक हजार) संचार खर्च उपलब्ध गराइने छ

**(८) खाना खाजा तथा वास खर्च**

(क) पदाधिकारी तथा कर्मचारीको लागि विहान ९ वजे भन्दा अघीको समय देखि संचालन हुने वैठक र एक दिन भन्दा वढी निरन्तर संचालन हुने वैठकको लागि प्रति सदस्य खाना प्रति छाक रु. २५०। ( दुइ सय पचास), होटल वास खर्च प्रति रात रु. ५००। (पाँच सय) मा नवढ्ने गरी विल बमोजिम उपलब्ध गराइएने छ तर वास खर्च वापतको रकम केन्द्र वडाका पदाधिकारी तथा कर्मचारीलाई उपलब्ध गराइने छैन ।

(ख) विदाको दिन र अतिरीक्त समयमा कार्यालयको काम काज गरे वापत त्यस्तो काममा खटिने कर्मचारीको लागि विदाको दिन प्रति दिन प्रति कर्मचारी रु. ६००। (छ सय) मा कर कट्टी हुने गरी र अतिरीक्त समयको प्रति दिन प्रति कर्मचारी रु. ३००। ( तीन यस) मा कर कट्टी हुने गरी विदा तथा अतिरीक्त समयमा काम गरेको प्रमाण प्रमुख प्रशासकिय अधिकृतवाट भएको प्रमाणीत व्यहोराको आधारमा खाना तथा खाजा खर्च  भूक्तानी दिइने छ ।

**(९) कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता**

कर्मचारीलाई काम प्रति प्रोत्साहन गर्न स्थायी कर्मचारीको कार्यविवरण अनुसारको कार्यसम्पादन सूचकको आधारमा बढिमा खुद तलव स्केलको ३५ प्रतिशत सम्म कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिने छ ।

**(१०) विविध**

(क) यो कार्यविधि प्रदेश कानूनले सेवा सुविधा बनाएर लागु गरेमा स्वतः निष्कृय हुनेछ ।

(ख) यस कार्यविधिमा लेखिएका विषयहरु यसै बमोजिम हुने छन् र अन्य कुराहरु प्रचलित ऐन कानूनमा व्यवस्था भएको खण्डमा सोही बमोजिम हुनेछ ।

(ग) यो कार्यविधि लागु हुनु भन्दा अघी भए गरेका यस कार्यविधि संग सम्वन्धीत काम कारवाहीहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

(घ) उपरोक्त सुविधामा नियमानुसार कर कट्टी हुने छ

(ङ) उपरोक्त सुविधा मिति २०७४ श्रावण १ देखि लागु हुनेछ ।